महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## नाम्खा गाउँपालिका, हुम्ला

## ८०६६४५०५३००

## नाम्खा गाउँपालिका , हुम्ला



https://nams.oag.gov.np

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-७-८

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
नाम्खा गाउँपालिका, हुम्ला ,
नाम्खा गाउँपालिका , हुम्ला

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को विनियोजन/ राजस्व /धरौटी र अन्य कारोबारको आर्थिक विवरण तथा सो सँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी छलफल पश्चात् तयार गरिएको पाना को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षणको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लेखित व्योहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम ३५ दिन भित्र फर्छयौट गरी सम्परीक्षण गराउनुहुनेछ । उक्त समयभित्र फर्छयौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत / कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

प्रमोद कुमार केसी
निर्देशक

बोधार्थ तथा कार्यार्थः
संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रक कार्यालय हुम्ला,
humla.dtco@fcgo.gov.np
प्रदेश लेखा इकाई कार्यालय हुम्ला,
humla.pfuo64@gmail.com

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नाम्खा गाउँपालिका अन्तर्गत ६ वडा, २४१९.६४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३५८९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।६।५ देखि २०८१ ।६।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ३६७४२८६५७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

## २ आय-व्यय विवरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | २०,१८,४३,०००.०० | १८,४६,४९,३२५.०० | ९१.४८ | १,७१,९३,६७५.०० |
| १३३११ समानिकरण अनुदान | ६,९९,००,०००.०० | ६,५०,०७,०००.०० | ९३ | ४८,९३,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १०,७६,४३,०००.०० | १०,४४,५८,२५३.०० | ९७.०४ | ३१,८४,७४७.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,३८,००,०००.०० | १,०८,०८,१४०.०० | ७८.३१ | २९,९१,८६०.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ५०,००,०००.०० | २२,६६,४१३.०० | ४५.३३ | २७,३३,५८७.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ५५,००,०००.०० | २१,०९,५१९.०० | ३८.३५ | ३३,९०,४८१.०० |
| प्रदेश सरकार | ३,६९,४६,०००.०० | २,९४,९१,०७१.०० | ७९.८१ | ७४,५४,९२९.०० |
| १३३११ समानिकरण अनुदान | ४९,६६,०००.०० | ३७,२४,५००.०० | ७५ | १२,४१,५००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १,३९,८०,०००.०० | १,१५,००,०४०.०० | ८२.२६ | २४,७९,९६०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १,२०,००,०००.०० | ८६,९३,१७९.०० | ७२.४४ | ३३,०६,८२१.०० |
| १३३१४ विषेश अनुदान चालु | ६०,००,०००.०० | ५५,७३,३५२.०० | ९२.८९ | ४,२६,६४८.०० |
| राजस्व बाडफाड | ६,३५,६९,७७३.०० | ३,८४,२८,३८७.०२ | ६०.४५ | २,५१,४१,३८५.९८ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६,३०,२८,२००.०० | ३,७८,८६,८१४.०२ | ६०.११ | २,५१,४१,३८५.९८ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ५,४१,५७३.०० | ५,४१,५७३.०० | १०० | ०.०० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | २६,१४,०७,०७२.४७ | २०,११,२५,९७२.०० | ७६.९४ | ६,०२,८१,१००.४७ |
| २१११११ पारिश्रमिक कर्मचारी | ५,२८,७१,३८६.०० | ४,५९,५१,०१०.०० | ८६.९१ | ६९,२०,३७६.०० |
| २११११२ पारिश्रमिक पदाधिकारी | ६०,००,०००.०० | ४४,४७,१८०.०० | ७४.१२ | १५,५२,८२०.०० |
| २११२१ पोशाक | ४,३०,०००.०० | ३,८०,०००.०० | ८८.३७ | ५०,०००.०० |
| २११३१ स्थानीय भत्ता | ४२,३२,०००.०० | ३३,५८,६३७.०० | ७९.३६ | ८,७३,३६३.०० |
| २११३२ महंगी भत्ता | १०,००,०००.०० | ५,४८,०००.०० | ५४.८ | ४,५२,०००.०० |
| २११३३ फिल्ड भत्ता | १७,५०,०००.०० | १६,९६,०००.०० | ९६.९१ | ५४,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | २,००,०००.०० | २,००,०००.०० | १०० | ०.०० |
| २११३९ अन्य भत्ता | ५९,००,०००.०० | २६,३२,६३०.०० | ४४.६२ | ३२,६७,३७०.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ५३,८६,०००.०० | २७,५५,२७०.०० | ५१.१६ | २६,३०,७३०.०० |
| २२१११ पानी तथा बिजुली | ११,००,०००.०० | १,५७,१९४.०० | १४.२९ | ९,४२,८०६.०० |
| २२११२ संचार महसुल | १६,००,०००.०० | १०,४६,४५६.०० | ६५.४ | ५,५३,५४४.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ३६,६९,५००.०० | २६,७९,३९५.०० | ७३.०२ | ९,९०,१०५.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६,००,०००.०० | ६,००,०००.०० | १०० | ०.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ३२,३२,४७२.०० | २५,४७,०७२.०० | ७८.८ | ६,८५,४००.०० |
| २२३१४ इन्धन - | १४,३४,३७५.०० | १२,४५,०००.०० | ८६.८ | १,८९,३७५.०० |


## नाम्खा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, हुम्ला
**कार्यालयको कोड : ८०६६४५०५३००**

**आय व्ययको बिबरण**

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१


**आय**

| | | | | |
|---|---|---|---|---|
| अन्तरिक श्रोत | ४,८६,७६,१४४.६७ | ५,४४,९४,६००.१३ | १११.९५ | (५८,१८,४५५.४६) |
| ११३१४ भुमिकर/ | ३५,७७९.५० | ३५,७७९.५० | १०० | ०.०० |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| अन्य प्रयोजन | | | | |
| २२३१५ पत्रपत्रिका, | | | | |

| | | | | |
|---|---|---|---|---|
| मालपोत | | | | |
| ११३१७ वहाल कर | ५०,०००.०० | ५०,०००.०० | १०० | ०.०० |
| ११६९१ अन्य कर | ३६,०००.०० | ३६,०००.०० | १०० | ०.०० |
| १४१९१ पर्यटन शुल्क | १,००,०००.०० | १,००,०००.०० | १०० | ०.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १९,०००.०० | १९,०००.०० | १०० | ०.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ३४,४७५.०० | ३४,४७५.०० | १०० | ०.०० |
| १४२२४ परीक्षा शुल्क | ४१,५००.०० | ४१,५००.०० | १०० | ०.०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १,४५,८५०.०० | १,४५,८५०.०० | १०० | ०.०० |
| १४२४३ सिफारिश दस्तुर | १,१०,४३०.०० | १,१०,४३०.०० | १०० | ०.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २०,०००.०० | २०,०००.०० | १०० | ०.०० |
| १४२४९ अन्य दस्तुर | २०,०००.०० | २०,०००.०० | १०० | ०.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १५,७७६.६१ | १५,७७६.६१ | १०० | ०.०० |
| १४५२९ अन्य राजस्व | १,२८,४९०.०० | १,२८,४९०.०० | १०० | ०.०० |
| ३२१२२ बैंक मौज्दात | ४,७९,१८,८४३.५६ | ५,३७,३७,२९९.०२ | ११२.१४ | (५८,१८,४५५.४६) |
| जम्मा | ३५,१०,३४,९१७.६७ | ३०,७०,६३,३८३.१५ | ८७.४७ | ४,३९,७१,५३४.५२ |

| | | | | |
|---|---|---|---|---|
| छपाई तथा सूचना प्रकाशन खर्च | १२,१७,३०४.०० | ८,०९,२५४.०० | ६६.४८ | ४,०८,०५०.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १,००,०००.०० | १,००,०००.०० | १०० | ०.०० |
| २२४१३ करार सेवा शुल्क | ८८,५१,०००.०० | ८२,५६,६९९.०० | ९३.२९ | ५,९४,३०१.०० |
| २२४१९ अन्य सेवा शुल्क | २,६८,००,०००.०० | २,५६,५६,०९५.०० | ९५.७३ | ११,४३,९०५.०० |
| २२५२२ कार्यक्रम खर्च | ८,३०,१८,९२०.४७ | ६,०८,८७,१००.०० | ७३.३४ | २,२१,३१,८२०.४७ |
| २२५२९ विविध कार्यक्रम खर्च | ३०,०००.०० | ३०,०००.०० | १०० | ०.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ५३,५०,९२३.०० | ४०,९२,६८८.०० | ७६.४८ | १२,५८,२३५.०० |
| २२६१२ भ्रमण खर्च | ५,००,०००.०० | ५,००,०००.०० | १०० | ०.०० |
| २२७११ विविध खर्च | ८९,२३,२८८.०० | ६५,५२,६६३.०० | ७३.४३ | २३,७०,६२५.०० |
| २२७२१ सभा सञ्चालन खर्च | १२,००,०००.०० | १२,००,०००.०० | १०० | ०.०० |
| २६३१२ स्थानीय तहलाइ सःशर्त चालु अनुदान | १,९०,००,०००.०० | १,६१,८३,३९२.०० | ८५.१८ | २८,१६,६०८.०० |
| २६४१३ अन्य संस्थालाई सःशर्त चालु अनुदान | ७०,००,०००.०० | ०.०० | ० | ७०,००,०००.०० |
| २७२११ छात्रवृत्ति | ८९,०००.०० | ०.०० | ० | ८९,०००.०० |
| २८१४२ घरभाडा | १३,००,०००.०० | ९,१२,८००.०० | ७०.२२ | ३,८७,२००.०० |
| २८१४३ सवारी | २०,००,०००.०० | २०,००,०००.०० | १०० | ०.०० |

## नाम्खा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, हुम्ला
**कार्यालयको कोड : ८०६६४५०५३००**

**आय व्ययको बिबरण**

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | साधन तथा मेशिनर औजार भाडा | | | | |
| | २८२१९ अन्य फिर्ता | ६१,२०,९०४.०० | ३२,०१,४३७.०० | ५२.३ | २९,१९,४६७.०० |
| | पूंजीगत | १०,७१,५४,४२०.०० | ७,७३,१२,७३५.०० | ७२.१५ | २,९८,४१,६८५.०० |
| | ३१११११ आवासीय भवन निर्माण/ खरिद | ६५,४७,०००.०० | ३७,६७,०००.०० | ५७.५४ | २७,८०,०००.०० |
| | ३१११२ गैर आवासीय भवन निर्माण/ खरिद | ५०,००,०००.०० | २२,६६,४१३.०० | ४५.३३ | २७,३३,५८७.०० |
| | ३११२१ सवारी साधन | ३५,००,०००.०० | २८,६८,७५०.०० | ८१.९६ | ६,३१,२५०.०० |
| | ३११२२ मेशिनरी तथा औजार | १७,००,०००.०० | १६,३८,०००.०० | ९६.३५ | ६२,०००.०० |
| | ३११२३ फर्निचर तथा फिक्चर्स | ३,००,०००.०० | ३,००,०००.०० | १०० | ०.०० |
| | ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| | ३११५१ सडक तथा पूल निर्माण | १,४३,००,०००.०० | ७३,९१,९५४.०० | ५१.६९ | ६९,०८,०४६.०० |
| | ३११५३ विद्युत संरचना निर्माण | २६,००,०००.०० | १४,५९,५३१.०० | ५६.१४ | ११,४०,४६९.०० |
| | ३११५५ सिंचाई संरचना निर्माण | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| | ३११५६ खानेपानी संरचना निर्माण | २,४०,०००.०० | ०.०० | ० | २,४०,०००.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | ६,९८,०३,४२०.०० | ५,४६,५७,०८७.०० | ७८.३ | १,५१,४६,३३३.०० |
| | ३११६१ निर्मित भवनको | २९,६४,०००.०० | २९,६४,०००.०० | १०० | ०.०० |

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८१/०३/३१

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | संरचनात्मक सुधार खर्च | | | | |
| | जम्मा | ३६,८५,६१,४९२.४७ | २७,८४,३८,७०७.०० | ७५.५४ | ९,०१,२२,७८५.४७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **तलवी प्रतिवेदन**

निजामती ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई गाउँपालका चालुतर्फ रु. १ करोड ३८ लाख ४८ हजार र स्वास्थ्यतर्फ रु १ करोड ७६ लाख गरी कुल रु ३ करोड १४ लाख ४८ लाख खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी

खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता तथा ग्रेड भुक्तानी भए नभएको एकीन गर्न सकिएन । समयमै तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता -** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्ने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३५४७३३५७, पर्यटन पुर्वाधार विकास कार्यक्रमको ९३९१८२७।८४, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु १४२२८३२८ र आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहिद तथा घाइते अपाङ्ग र जनयुद्ध भत्ता ७२०००, एकीकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको ११९९७६१।५० समेत गरी रु ६०३६५२७४।३४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता भन्दा बैङ्कमा रु ७३२७९०९८.५२ बढी मौज्दात रहेको पाइयो । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १९०४३३६३.७३ | ३६९७३२२२.८७ | १७९२९८५९.१४ |
| चालु खर्च खाता | २५९८८५१९.५३ | ११३६६५७३.५ | (१४६२१९४६.०३) |
| पुँजीगत खर्च खाता | ९३०२८८९ | २६७८१३७२ | १७४७८४८३.५ |
| विविध खर्च खाता | ० | ३८३०५२२.३ | ३८३०५२२.३ |
| विपद व्यवस्थापन खाता | ० | १५५४६४७ | १५५४६४७. |
| स्थानीय विभाज्य कोष | ० | ० | ०. |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ०. |
| धरौटी | ० | १८६८६९०.२४ | १८६८६९०.२४ |
| ग१.१,आन्तरिक राजस्व खाता | ७५७३०१ | ० | (७५७३०१.११) |
| ग१.२,बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ४५९९६१४३.४८ | ४५९९६१४३.४८ |
| आन्तरिक अनुदान | ० | | ०. |
| जम्मा | | | ७३२७९०९८.५२ |

सैद्धान्तिक बेरुजु

४.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु ६६५९०७८६।७१ मौज्दात रहेकोमा यो वर्ष रु ६३२०२७१९।४७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ३३८८०६७।२४ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु ३६ करोड ८५ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।ऐन बमोजिम सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र गाउँपालिकाका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार कुल १४९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | विभिन्न | ८६ | ३३ | २१ | ३२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४३१८०००० | २४२८३३६९ | ८.७२ |
| २ | पूर्वाधार विकास | १०४०२४००० | ७८१५९४८२ | २८.०७ |
| ३ | सामाजिक विकास | ११२३०२६२५ | ९०४४६४०० | ३२.४८ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास,सेवा प्रवाह र सुशासन | १३२०७००० | १२१२५२९७ | ४.३५ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ९५८४७८६७ | ७३४२४१५९ | २६.३७ |
| **जम्मा** | | ३६८५६१४९२ | २७८४३८७०७ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३२.४८ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा शुन्य प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१२ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु ७५७३०१ राजस्व बाँडफाँड र अनुदानबाट रु २८११४६६८०।४ समेत रु २८१९०३९८१।४ आम्दानी भएकोमा चालु तर्फ रु २०११२५९७२ र पूँजिगत तर्फ रु ७७३१२७३५ समेत रु २७८४३८७०७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.२७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ४५१०६८० खर्च भएको छ जुन आन्तरिक आयको ५९५.६२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.२३ प्रतिशत चालु र २७.७७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **भुक्तानी दिन बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा उपनियम २ मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम १५ मा उल्लेखित खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायकमा कर्मचारीलाई विगत आर्थिक वर्ष २०७९।८० को तलब देहायअनुसार भुक्तानी गरेकोमा भुक्तानी दिन बाँकी विवरण तयार नगरेको तथा बजेट तथा कार्यक्रममा समेत भुक्तानी दिन बाँकी नदेखाई भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु

| गो.भौ. | नामथर | पद | तलब भुक्तानी भएको अवधि | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४।०८०।६।२३ | निर्मला विक | हे.अ.पाचौ | ४ महिना | २७६६८५ |
| १९।०८०।६।२५ | कार्मा डट्टुल लामा | का.स. | २ महिना | ३६००० |
| १९।०८०।६।२५ | याङ्जेन लामा | का.स. | २ महिना | ३६००० |
| १९।०८०।६।२५ | वविता तामाङ | अनमि | २ महिना | ६५८०४ |
| १९।०८०।६।२५ | किमु लामा | का.स. | २ महिना | ३६००० |
| १९।०८०।६।२५ | सप्लता रोकाया | अहेव | २ महिना | ६५८०४ |
| १९।०८०।६।२५ | कुंगि तामाङ | का.स. | २ महिना | ३६००० |
| १९।०८०।६।२५ | खेमराज शाही | अहेव | २ महिना | ६५८०४ |
| १९।०८०।६।२५ | छत्तर तामाङ | का.स. | २ महिना | ३६००० |
| १९।०८०।६।२५ | वसन्ति बुढा | अहेव | २ महिना | ६५८०४ |
| १९।०८०।६।२५ | लुन्डुप दोर्जे लामा | हे अ | २ महिना | ६९४६० |
| १९।०८०।६।२५ | सोनाम छोइजुम लामा | हे अ | २ महिना | ६९४६० |
| १९।०८०।६।२५ | गेलेकफुन्जोक लामा | का.स. | २ महिना | ३६००० |
| १९।०८०।६।२५ | सिता शाही | अनमि | २ महिना | ६५८०४ |
| १९।०८०।६।२५ | झ्यामफाल लामा | का.स. | २ महिना | ३६००० |
| १९।०८०।६।२५ | टमडिन लामा | का.स. | २ महिना | ३६००० |
| १९।०८०।६।२५ | गौरी बोहोरा | अनमि | २ महिना | ६५८०४ |
| १९।०८०।६।२५ | गौरख भण्डारी | हे अ | २ महिना | ६९४६० |
| १९।०८०।६।२५ | लोकेश बोहोरा | अहेव | २ महिना | ६५८०४ |
| १९।०८०।६।२५ | लक्ष्मु भण्डारी | अनमि | २ महिना | ६५८०४ |
| | | | | १२९९४९७ |

| अनियमित भएको | १२,९९,४९७ |
|---|---|

१४ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० बमोजिम पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने उल्लेख छ। आर्थिक वर्षको अन्तसम्ममा निम्न कर्मचारी र उपभोक्ता समिति, नाममा गएको पेश्की रु ९,७५,१९९ नियमावलीमा उल्लेखित व्यवस्था अनुसार फर्स्यौट गर्नुपर्ने रु

| गो.भौ.स. र मिति | पेश्की लिनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १६-०८०।३।२१ | छातेसी खानेपानी तथा सरसफाई योजना उपभोक्ता समित, वडा नं ४ | खानेपानी योजना | १२५७७३ |
| ३५३-०८१।३।२१ | छातेसी खानेपानी तथा सरसफाई योजना उपभोक्ता समित, वडा नं ४ | खानेपानी योजना | ६०१४२६ |
| ९३-०८१।२।४ | कार्बु लामा | अति विपन्न घरधुरी सहयोग कार्यक्रम | २४८००० |
| | जम्मा | | ९,७५,१९९ |

| पेश्की | ९,७५,१९९ |
|---|---|

१५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कार्यालयमा आन्तरिक लेखापरीक्षक नियुक्ती गरेको देखिएन । आन्तरिक लेखापरीक्षक नियुक्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **प्रमाण पेश** (४११-२०८१-३-३१):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली ,२०७७ को नियम ३९ उपनियम (५) मा खर्च गर्दा खर्चको पुष्ट्याई हुने विल भरपाई र प्रमाण कागजात संलग्न गर्नुपर्ने र उपनियम (१०) मा जिम्मेवार व्यक्तिले खर्चको रीत पगे नपुगेको र प्रमाण कागजात संलग्न रहे नरहेको हेरेर मात्र भुक्तानी दिनुपर्ने प्रावधानहरु रहेका छन् । पालिकाका जिन्सी शाखा प्रमुख श्री ग्याचो लामाले सवारी साधन विमा तथा नवीकरणको लागि लिएको रु ५००००० पेश्की रकम मध्ये २ पाङ्ग्रे सवारी साधनको विमा तथा नविकरण मा रु ३७,१११ को नीजि सवारीसाधनको विल भरपाई राखि पेश्की फछ्यौंट गरिएकोले असूल गरिने रु

| असुल गर्नुपर्ने | ३७,१११ |
|---|---|

१७ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष वडातर्फको बाहेक विधितर्फ रु. २०,०८,४५२/- खर्च लेखेको छ। विविध खर्च सम्बन्धि सीमा निर्धारण गरी मापदण्ड बनाएर यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

१८ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यस्तै दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष विभिन्न पदमा कर्मचारीहरू करारमा राखी चालु आ.व.मा रू. ५१ लाख ८५ हजार खर्च लेखेको छ । उल्लेखित ऐनमा भएको व्यवस्था पालना गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **प्रविधि हस्तान्तरण**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ। गारउँपालिकाले देहाय अनुसार प्रविधि हस्तान्तरण गर्दा निर्देशिका अनुसार गाउँपालिकाबाट ८० प्रतिशत भुक्तानी गर्नु पर्नेमा १०० प्रतिशत भुक्तानी भएकोले २० प्रतिशत रकम रु. ७६६२०। सम्वन्धितबाट असुल गरी सङ्घीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु

| **भौ.नं. मिति** | **फर्म तथा व्यक्ति को नाम** | **सामानको बिबरण** | **रकम** | **२० प्रतिशतले हुने रकम** |
|---|---|---|---|---|
| ४१०-०८१।३।३१ | सुनाम छिरिङ तामाङ्ग | कम्वाइन राइस मिल | १५०००० | ३०००० |
| ४१०-०८१।३।३१ | वडा नं २ कार्यालय अन्तर्गतका लाभग्राही | छर्पी मेशिन | ५०००० | १०००० |
| ४०७-०८१।३।३० | कुम्मेर रोकाया | Table saw ipc and Cos 4051 ipc | ९०००० | १८००० |
| **जम्मा** | | | **२९०,०००** | **५८,०००** |

| असुल गर्नुपर्ने | ५८,००० |
|---|---|

२० **रिटेन्सनमनि**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियमावी, २०६४ को नियम १२३ खरिद सम्झौता अनुसार अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विलको भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ्ग विलमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँकालिकाले देहायका निर्माण कार्यका निर्माण व्यवसायी डि.आर.इन्फ्रास्ट्रक्चर प्रा.लीलाई खरिद सम्झौता अनुसार रनिङ्ग विलको रकम वापत मू.अ.कर बाहेक रु ५४,९६,१४४ भुक्तानी गरेकोमा नियमावली अनुसार रिटेन्सन मानि वापत रु २,७४,८०६ कट्टा गरी भुक्तानी दिनुपर्ने कट्टा गरेको छैन् । उक्त रकम कट्टा नगरेको कारण आयोजना मर्मत अवधि सम्म सुचारु रहेको प्रमाण समेत भएको देखियन । यसरी रिटेन्सन मनी कट्टा नगरी भुक्तानी गर्ने कार्य नियमसम्मत नभएकाले नियमित नभएको रु

| **गो.भौ.नं./मिति** | **कामको विवरण** | **मूअकर बाहेक भुक्तानी रकम रु** | **कट्टा गर्नुपर्ने रिटेन्सन मनी रु** |
|---|---|---|---|
| २४-२०८१।३।२४ | कोल्डस्टोर निर्माण (ठे.नं४।०८०।८१) | १९२०६८९ | ९६०३४ |
| २४-२०८१।३।२४ | रिङफुङ मोटर बाटो निर्माण | ३५७५४५५ | १७८७७२ |
| **जम्मा** | | **५४९६१४४** | **२७४८०६** |

| अनियमित भएको | २,७४,८०६ |
|---|---|

२१ **रितपूर्वकको कर विजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका निर्माण व्यसायीलाई मु.अ.कर रु ७४,०८१ भुक्तानी भएको छ । यसरी रितपूर्वकको कर बिजक वेगर निर्माण व्यवसासयिले भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने

| ब उ शि नं | गो.भौ.नं./मिति | फर्मको नाम | पान नं | कर विजक | मूअकर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| संघीय चालु | २०-२०८१।३।२३ | ढुयिङ्ग नामग्याल तातोपानी निर्माण सेवा एण्ड अर्डर सप्लायर्स | ६०११६९६८३७ | ०४-२०८१।१।२ | ४११७४ | अघिल्लो मिति भन्दा पछिल्लो मितिमा कम नम्बरको कर विजक जारी |
| संघीय चालु | २२-२०८१।३।२३ | ढुयिङ्ग नामग्याल तातोपानी निर्माण सेवा एण्ड अर्डर सप्लायर्स | ६०११६९६८३७ | ०१-२०८१।१।३ | ३२९०७ | " |
| **जम्मा** | | | | | **७४,०८१** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,०८१ |

२२ **बढी भुक्तानी** (२७-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अगाडि त्यस्तो रकम खर्च गर्न संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले कोल्ड स्टोर निर्माण कार्यका निर्माण व्यवसायी डि.आर. कन्स्ट्रक्सनले कोल्डस्टोरको निर्माण सम्पन्न गरी मुअकर समेत रु २१,१२,०२२ प्राविधिक मूल्याङ्कन गरेको अन्तिम रनिङ्ग विल पेश गरेकोमा मुअकर समेत रु २२,६६,४१३ भुक्तानी गरेको देखिएकाले बढी भुक्तानी भएको रु ९६,०३९ कार्यालय प्रमुख र लेखा प्रमुखलाई जिम्मेबार बनाई निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९६,०३९ |

२३ **प्राविधिक मूल्याङ्कन भएको विल विना भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विलको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले महाबौद्ध मा.वि.का निर्माण व्यवसायीलाई देहाय निर्माण कार्यको खरिद समझौता, प्राविधिक मूल्याङ्कन भएको रनिङ्ग विल, कार्यसम्पन्न प्रतिवेदन, विल अफ क्वान्टिटी र कर विजक विना भवन तथा शौचालय निर्माण कार्यको मुअकर समेत रु ५१३०२५१ भुक्तानी गरेको छ । यसरी नियम विपरीत रनिङ्ग विल, कार्यसम्पन्न प्रतिवेदन र कर विजक विना सिधै खर्च लेख्ने कार्य नियमसम्मत देखिएन । अत: उक्त निर्माण कार्यका खरिद सम्झौता, रनिङ्ग विल, कार्यसम्पन्न प्रतिवेदन र कर विजक पेश गरी नियमित गारउनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,३०,२५१ |

२४ **घट्टी योगदान**

सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता आयोजना कार्यान्वयन पुस्तिकामा यस आयोजना अन्तर्गत संचालन हुने योजनाहरुको कुल लागतको ६ प्रतिबाट उपभोक्ताका समितिले व्यहोर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले देहायका खानेपानी योजनाहरुको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा आयोजना कार्यान्वयन पुस्तकमा उल्लेख भएको भन्दा रु २९,५४२ घटी उपभोक्ता समितिको योगदान कट्टा गरेको देखिएकाले सो रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नु पर्नु रु

| गो.भौ.नं./मिति | योजना | खुद भएको रकम | कट्टी गर्नुपर्ने रकम | घटी कट्टा रकम रु |
|---|---|---|---|---|
| १३-२०८१।३।२० | महाबौद्ध शौचालय निर्माण | १६३५५४६ | ९८१३२ | ९३५४ |
| २०-२०८१।३।२३ | बुद्ध आधारभुत मा.वि शौचालय निर्माण | ११७६६२५ | ७०५९७ | ११७६६ |
| २२-२०८१।३।२३ | चला गुम्बा शौचालय निर्माण | ८३३११९ | ४९९८७ | ८३३२ |
| | **जम्मा** | | | **२९५४२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,४५२ |

## २५ संघीय संचितकोष दाखिला

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व ऐन, २०७६ को दफा ४५(१) संघीय संचित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक र विशेष अनुदानको रकम सोहि आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघीय संचित कोषमा फिर्ता गर्नेपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायअनुसार संघीय समपुरक अनुदानबाट बढी खर्च लेखेको रकम सम्बन्धित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गो.भौ.नं./मिति | योजना | कार्यसम्पन्न रकम | संघीयबाट भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|
| २८-२०८१।३।२४ | कोल्डस्टोर निर्माण | ४०४०२६५ | २१०९५१९ | ८९३८६ |
| **जम्मा** | | | **१३३५७४१** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८९,३८६ |

## २६ कर कट्टी नगरेको

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर असुल गरी दाखिला गर्नुपर्ने रु.

| ब.उ.शि.नं | गो.भौ.स./मित | फर्म/व्यक्तिकोनाम | खर्चकोविवरण | भुक्तानीरकम | करकट्टीगर्नुपर्नेरकम | क |
|---|---|---|---|---|---|---|
| | ५३-०८०/६/२४ | पेमाग्याल्जनलामा,वडानं३ | पदाधिकारीवैठकभत्ता | १७३००० | २५९५० | ० |
| | २५६-०८१/१/१५ | शैलेशकिरण | गाडीरिजर्भवापतखार्पुनाथयातायातप्रा.लीकोविलपेश | ५०००० | ५००० | ० |
| | २६७-०८१/२/२७ | नविनमण्डल | गाडीरिजर्भवापत | ४०००० | ४००० | ५ |
| | २८३-०८१/३/१२ | नेत्रबहादुरशाही | सामानढुवानी | २००००० | ५००० | ३ |
| | ३२७-०८१/३/१४ | हिराशर्माघर्ती | वैठकभत्ता | २२५०० | ३३७५ | ० |
| | २४३-०८१/१/५ | | गाडीभाडा | ८२००० | ८२०० | ० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,०२५ |

## २७ अध्ययन विदामा पोषाक भत्ता (६४-२०८०-१२-२२):

निजामती सेवा नियमावलीमा निजामती कर्मचारीले तोकिएबमोजिम पोषाक भत्ता पाउने व्यवस्था छ । गाउँपालिकाले देहायका कर्मचारीलाई अध्ययन विदामा बर्षभरी बसेको अवस्थामा समेत पोशाक भत्ता रु ६०००० भुक्तानी गरेको पाइयो । वर्षभरी अध्ययन विदामा बसेको कर्मचारीलाई निजामती पोशाक आवश्यक समेत नहुने हुँदा र अध्ययन विदामा बसेको कर्मचारीले पोशाक भत्ता पाउने व्यवस्था समेत नदेखिएकोले निजहरुलाई भुक्तानी भएको पोशाक भत्ता असुल हुनुपर्ने रु

| क्रम संख्या | नामथर | पद | भुक्तानी रकम |
|---|---|---|---|
| १ | कार्मादिकी लामा | अनमि | १५००० |
| २ | सविना वोहोरा | अनमि | १५००० |
| ३ | उरग्यान लामा | अनमि | १५००० |
| ४ | होजार डोल्मा लामा | अनमि | १५००० |
| | **जम्मा** | | **६००००** |

| असुल गर्नुपर्ने | ६०,००० |
|---|---|

२८ **छुट ग्रेड**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका कर्मचारीलाई छुट ग्रेड भनी देहायअनुसार रु ११७७५० भुक्तानी गरेकोमा ग्रेड छुट भएको प्रमाण पेश नभएकोले असुल हुनुपर्ने रु

| **गो.भौ.** | **नामथर** | **पद** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २।०८०।६।२३ | ज्ञानेन्द्र चौधरी | अ.हे.व. | ३९४९२ |
| ५१।०८०।९।२४ | कार्मादिकि लामा | अहेव | १३१६४ |
| ५१।०८०।९।२४ | उरग्यान लामा | अहेव | १३१६४ |
| ५१।०८०।९।२४ | होजार डोल्मा लामा | अनमि | १४२७१ |
| ६४।०८०।१२।२२ | पेमा छुकी लामा | हे.अ. | १३८८४ |
| ६४।०८०।१२।२२ | दिपक बहादुर रावत | अ.हे.व. | १३८४२ |
| ६४।०८०।१२।२२ | निर्मला वि क | हे.अ. पाँचौ | ११५७ |
| ६४।०८०।१२।२२ | ज्ञानेन्द्र चौधरी | अ.हे.व. | १०९७ |
| ६४।०८०।१२।२२ | कार्मादिकी लामा | अ.न.मि. | १०९७ |
| ६४।०८०।१२।२२ | सविना वोहोरा | अ.न.मि. पाँचौ | ६५८२ |
| | **जम्मा** | | **११७७५०** |

| असुल गर्नुपर्ने | १,१७,७५० |
|---|---|

२९ **चाडपर्व खर्च**

सामान्य प्रशासन मन्त्रालय को मिति २०७४।१।२५ चलानी नं.२१७ को पत्रको (क) मा कम्तीमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभूत पारीश्रमिक बराबरको चाडपर्व खर्च उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाले देहायका

कर्मचारीलाई करार सेवा अवधि ६ महिना नभई रु ४३८८ चाडपर्व खर्च भुक्तानी गरेको पाइयो । नियमानुसार भुक्तानी गर्न नमिल्ने चाडपर्व खर्च सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| कर्मचारिको नामथर | पद | भुक्तानी रकम |
|---|---|---|
| विश्वजंग शाही | वास प्राविधिक | २१९४ |
| डि वि लामा | सामाजिक परिचालक | २१९४ |
| जम्मा | | ४३८८ |

| असुल गर्नुपर्ने | ४,३८८ |
|---|---|

३० **महङ्गी भत्ता**

नेपाल सरकार अर्थ मन्त्रालयलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या ०७७।७८ चलानी नं १०३ मिति २०७८।३।२४ को पत्रबाट नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुलाई मासिम रुपमा महंगि भत्ता उपलब्ध गराउने सम्बन्धी व्यहोराका सम्बन्धमा कानूनमा यस किसिमको व्यवस्था नभएकोले महंगि भत्ता उपलब्ध गराउन नसकिने निर्णय गरी मिति २०७९।१।२१ मा जानकारी गराएको देखिन्छ । साथै खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) इकाईका कर्मचारी भर्ना छनौट तथा परिचालन कार्यविधि (सेटेम्बर, २०२२) बुँदा नं ६ मा वाश (WASH) इकाईका कर्मचारीहरुको तलब तथा सेवा सुविधा सम्बन्धमा नेपाल सरकारको आधारभूत तलब र दुर्गम भत्ता लगायत अन्य सेवा सुविधा उल्लेख भए पनि महङ्गी भत्ता सम्बन्धमा व्यवस्था गरिएको छैन् । गाउँपालिकाले देहायबमोजिम करार कर्मचारीलाई रु महंगी भत्ता उपलब्ध गराएको छ । भुक्तानी दिन नमिल्ने महंगी भत्ता सम्बन्धितबाट असुल हुनुपर्ने रु

| क्र.सं. | कर्मचारीको नामथर | पद | महंगि भत्ता रकम |
|---|---|---|---|
| १ | दत्त बहादुर शाही | वास संयोजक | २४००० |
| २ | कार्बु लामा | वास प्राविधिक | २४००० |
| ३ | देजोर लामा | वास सहजकर्ता | २४००० |
| ४ | ममता लामा | सामाजिक परिचालक | १६००० |
| ५ | दावा छोइजुम तामाङ | सामाजिक परिचालक | २४००० |
| ६ | विश्वजंग शाही | वास प्राविधिक | ४००० |
| ७ | डि वि लामा | सामाजिक परिचालक | ४००० |

| असुल गर्नुपर्ने | १,२०,००० |
|---|---|

३१ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । गाउँपालिकाले देहायबमोजिम टुक्रा पारी सोझै खरिद गरेको पाइयो । टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ. र मिति | आपुर्तक | खरिदको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २५।०८०।९।१२ | सन्ध्या मेडिकल साइन्स | ४६ प्रकारका औषधी | ४९९८४७ | |
| ८१।०८१।१।९ | सन्ध्या मेडिकल साइन्स | ४७५० सेनिटरि प्याड | १६९००० | |
| ५५।०८०।९।२७ | वि टि सि प्रा लि | पानी परीक्षण किट खरिद | ३५०००० | |
| | जम्मा | | १०१८८४७ | |

सैद्धान्तिक बेरुजु

## ३२ सामाजिक सुरक्षा

३२.१ **परिचयपत्र नवीकरण :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीमा तोकिएको समय र ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनु पर्नेछ, यसरी परेको निवेदन लाभग्राही स्वंयम उपस्थित भई निवेदन गरेको भए निजको दस्तखत/सहिछाप रुजु गरी र अन्य (संरक्षक वा माथवर वा स्याहार सुसार गर्ने व्यक्ति) मार्फत निवेदन पेश गरेको भए निजको सनाखत गराई वडा सचिवले निवेदन रुजु गरी रित पुगेको भए वडा समितिमा पेश गर्ने र वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणालीमा प्रविष्टी गरी लाभग्राहीको परिचयपत्र नवीकरण गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाका वडा सचिवहरुले आर्थिक वर्षको सुरुमा नविकरणको लागि निवेदन आए सोहीअनुसार र बाँकीको हकमा विगत वर्षका सबै लाभग्राहीको एकमुष्टरुपमा नवीकरण गरी प्रणालीमा प्रविष्टि गरेको देखिन्छ । मृत्यु भइसकेका व्यक्तिहरुको समयमै मृत्यु दर्ता नगर्ने तथा एकमुष्ट रुपमा नवीकरण गर्दा मृत्यु भएका व्यक्तिहरुको पनि नविकरण हुने सम्भावना रहेको देखिएकोले यसमा सुधार गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई मितव्ययी,,पारदर्शी र प्रभावकारी बनाइनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२.२ **निष्कृय खाताको विवरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले लाभग्राहीका खाताहरु मध्ये निष्कृय खाताको विवरण (एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण) सम्बन्धित स्थानिय तहलाई दिनु पर्ने व्यवस्था छ, साथै बुंदा २६(३) मा एक आर्थिक वर्षसम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले सम्वन्धित बैंकबाट विवरण लिई छानविन गरेको छैन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिहरुको छानविन गरी बढी भुक्तानी भएको देखिएमा सो रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२.३ **पारदर्शिता कायम गर्नुपर्ने-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयहरुका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नु पर्ने, साथै उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेवसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली वेवसाइटमा राख्नु पर्नेमा राखेको छैन । सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियालाई पारदर्शी बनाउन गाउँपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली वेवसाइटमा समेत राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ७५७३०१ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु ७५७३०१ आय प्राप्त गरेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७८४३८७०७ | ७५७३०१ | ०. २७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.२७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको अभिलेख पालिकामा नआएकोले लेखापरीक्षणकोक्रममा पेश भएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **बढी भुक्तानी** (३३-२०८१-१-५):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बजेट र कार्यक्रको सीमाभित्र रही खर्च गर्नुपर्नेउपनियम(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।विश्वकर्मा वर्कसपको १६ थान बिलबाट उक्त वर्कसपलाई रु. ८५७३७३ भुक्तानी गर्नुपर्नेमा रु. ८९४३६७ भुक्तानी भएकोले रु. ३६९९४ बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | ३६,९९४ |
|---|---|

३७ **डकुमेन्ट्री निर्माण** (१४२-२०८१-३-२१):

सार्वजनिक निकायले मालसामान खरिद, निर्माण, परामर्श र अन्य सेवा खरिद गर्दा सो सम्वन्धी योग्यता, अनुभव र इजाजत प्राप्त व्यक्ति, फर्म, गैर सरकारी संस्था र परामर्शदाताबाट गर्नु पर्दछ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक

निकायले परामर्श सेवा खरिद गर्दा परामर्श सेवाको लागत अनुमान सम्वन्धी नर्म्स बमोजिम लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । पालिकाले लिमी क्षेत्रको भिडियो डकुमेन्ट्री निर्माण गरे बापत लिमि एकता तथा बहुउद्देशिय सहकारी संस्थालाई रु. ७०००००।– भुक्तानी गरेको छ । पालिकाले भिडियो डकुमेन्ट्री निर्माण सम्वन्धमा योग्यता, अनुभव र ईजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, गैर सरकारी संस्था वा परामर्शदाताबाट नियमानुसार लागत अनुमान र डकुमेन्ट्री निर्माणको उदेश्य, सोमा समावेश गर्ने विषयबस्तु, क्षेत्र , डकुमेन्ट्रीको आयाम(कति मिनेटको) र निर्माण अवधि जस्ता कुराहरु खुलाई TOR तयार गरी सो बमोजिम प्रस्ताव माग गरी डकुमेन्ट्री निर्माण गराउनु पर्नेमा सो सम्वन्धी कुनै योग्यता नभएको सहकारी संस्था मार्फत डकुमेन्ट्री निर्माण गराएको भनी उक्त सहकारीलाई रु. ७०००००।– भुक्तानी गरेको देखियो । उक्त भुक्तानी गर्दा खाजा, खाना, यातायात र अन्य विलहरुको आधारमा भुक्तानी दिएको छ। संलग्न विल भरपाई अनुसार उक्त डकुमेन्ट्री निर्माणमा भिडियो डकुमेन्ट्री सम्वन्धी ज्ञान, योग्यता, अनुभव र इजाजत प्राप्त व्यक्ति वा फर्मको कही कतै संलग्नता भएको देखिएन र उक्त डकुमेन्ट्री उक्त सहकारीले बनाएको कुरा खुल्ने डकुमेन्ट्री लेखापरीक्षणमा पेश समेत नभएकोले आश्वस्त हुन सकिने अवस्था छैन । साथै सहकारी संस्था मार्फत डकुमेन्ट्री बनाउने व्यवस्था नियममा छैन । तसर्थ उक्त भुक्तानी रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,००,००० |

३८ **डि.पि.आर.**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्स सेवा खरिद गर्दा परामर्श सेवाको लागत अनुमान सम्वन्धी नर्म्स बमोजिम लागत अनुमान बनाउनुपर्ने व्यवस्था छ । पालिकाले निम्न डि.पि.आर. निर्माण कार्यको TOR तथा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको पाइयो । पालिकाबाट TOR तथा लागत अनुमान तयार नगरी बिनियोजन बजेट कै बरावर प्रस्तावदाताले मूल्य पेश गरी खरिद गरेकोमा उक्त मूल्य बास्तविक भएको भन्ने कुरामा आश्वस्त हुने अवस्था रहेन । अत: पालिकाले परामर्श सेवा खरिद गर्दा कानूनको पालना र कार्य बिबरण (TOR) तयार गरेरमात्र परामर्श सेवा खरिद गर्नुपर्दछ । साथै उक्त योजना कार्यन्वयमा आएको प्रमाण पेश गर्नु पर्ने रु.

| गो.भौ. | परामर्शदाताको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ९।०८१।३।२२ | मंगोलियन इन्जिनियरीङ कन्सल्टेन्सी | खगाल गाउं ढल निर्माण | ४९६०७० |
| ३४३।०८०।१२।१३ | मर्टिफेरियस कन्सल्टेन्सी एण्ड रिसर्च प्रा.ली. | संगठन तथा व्यवस्थापन सर्वेक्षण | ४९३८१० |
| | | **जम्मा** | **९८९८८०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८९,८८० |

३९ **अग्रिम कर**

आयकर ऐन २०५८ को दफा ८७,८८,८९ अनुसार भुक्तानी दिंदा अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको भुक्तानीमा कर दाखिला गरेको नदेखिएकोले उक्त कर दाखिला गरी प्रमाण गर्नुपर्ने रु.

| गोभौ नं | विवरण | १५ कर |
|---|---|---|
| १५६।०८१।३।२२ | शिक्षा शाखा प्रमुख मनराज बुढालाई अध्यक्ष कप खेलकुद कार्यक्रम खर्च बापत रु. २४८५८०।– भुक्तानी | १०८०० |
| १९९।०८१।३।३१ | शिक्षा शाखा प्रमुख मनराज बुढाको रु. २५३०००।– पेश्की फछ्यौंट | २३४५० |
| जम्मा | | ३४२५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,२५० |

४० **मालसामानको उपयोग** (१९१-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । पालिकाले रु. ६३८०००।– मा ११ थान मिनी टिलर खरिद गरेकोमा उक्त मेशिनरी सामान कृषकहरुलाई वितरण नगरी पालिकामा मौज्दात राखेको पाइयो । यसरी वितरण नगरी राख्दा कृषकहरु लाभान्वित नहुने, मेशिन खिया लागि बिग्रन सक्ने, मेशिनको क्षमतामा ह्रास आउने हुनाले समयमै वितरण गरी सोको प्रभावकारी उपयोग गरिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **आनुपातिक कट्टी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७क.८ अनुसार उपभोक्ता समितिले आफुले गरेको कामको प्राविधिक मूल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिबाट अनुमोदन गराई भुक्तानीको लागि पेश गर्नुपर्ने व्यवस्था छ ।निम्न उपभोक्ता समितिहरुसंग निर्माण कार्य गर्न सम्झौता गरी काम सम्पन्न पश्चात् भुक्तानी गरेकोमा उपभोक्ता समितिले सम्झौतामाउल्लेखित जनश्रम बापत बेहोर्नुपर्ने लागत सहभागिताको अंश बापतको रकम कार्यसम्पन्न पश्चात सोही अनुपातमा कट्टी नगरी घटी कट्टी गरेको देखियो । यसमा पालिकाले आगामी दिनमा सुधार गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| गो. भौ. नं. | काम र उपभोक्ता समिति | उपभोक्ताले व्यहोर्ने प्रतिशत | कुल कार्यसम्पादन | भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १५९।०८१।३।२२ | गाउंपालिका गेट निर्माण | १९.९९ | १८४४३०८ | १४०६३९३ | २१६२९ |
| १२०र१२१।०८१।३।२० | पाङछेमु लाङडाङ खानेपानी | ९.५८ | ५१४५०८ | ३९१०२६ | ५५९१७ |
| ५।०८०।६।२४ | धिंगा लिंकरोड मर्मत | २१.६१ | ९५५८८३ | ७२६४७१ | १४६२० |
| ८१।०८१।३।१२ | हेप्का आरनघर निर्माण | २४.२५ | ८४१६०९ | ७००००० | ६२४८२ |
| ७।०८०।६।२४ | यारी गाउंदेखि याङसी फूसम्म सडक निर्माण | २० | २०४१८१४ | १७९५९१५ | २४४८९६ |
| जम्मा | | | | | ३९९५४४ |

| असुल गर्नुपर्ने | ३,९९,५४४ |
|---|---|

४२ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ को बुंदा (ङ) बमोजिम आ.व. को शुरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको विद्यार्थीको तथ्यांकको आधारमा कर्णाली अञ्चलका जिल्लामा स्थानिय तहले प्रति विद्यार्थी दैनिक रु. २० का दरले पहिलो त्रैमासिकको वजेट निकासा गर्ने र बुंदा (घ) बमोजिम दोश्रो त्रैमासिकदेखि बजेट निकासा गर्दा विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी प्रमाणीत गराई स्थानिय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भएपश्चात् मात्र थप अनुदान दिने व्यवस्था मिलाउने र प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडी निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कको आधारमा दिवा खाजा बापतको रकम विद्यालयहरुलाई यस वर्ष रु. २४३०४८०।- निकासा गरेको छ । पालिकामा विद्यालयले रकम निकासा माग गर्दा विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक मासिक हाजिरी दिन खुलाई प्रमाणीत गराई विद्यार्थीको हाजिरी सहित पेश गर्नुपर्नेमा हाजिर उतार गरी प्रतिलिपि मात्र पेश गरेको छ भने विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षबाट कक्षा गत विद्यार्थीको सङ्ख्यात्मक मासिक हाजिरी दिन खुलाई प्रमाणीत गरी पेश गरेको छैन । तसर्थ यसमा सुधार गर्नु पर्दछ

| सैद्धान्तिक बेरुजु |
|---|

४३ **पाठ्यपुस्तक**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ को बुंदा (१) बमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थीको तथ्यांकलाई स्थानिय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कागजात र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन र बुंदा (५) मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ को लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेश्रो त्रैमासिक भित्र अनुदान दिने तथा यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने एवं शैक्षिक सत्रमा भएको नयां भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पाठ्यपुस्तक बापत विद्यालयहरुलाई अन्तिम त्रैमासिकको असार महिनामा मात्र यस वर्ष रु. ६५५६८७।- निकासा गरेको छ ।पालिकाले पाठ्यपुस्तक बापतको रकम निकासा गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिकाले निर्देशन गरेबमोजिम निकासा गर्नु पर्दछ । पालिकाले पाठ्यपुस्तक बापत रकम निकासा गर्दा IEMISमा प्रविष्टविद्यार्थी सङ्ख्या र खरिद विल बमोजिम निकासा दिनु पर्दछ । निम्न बमोजिम हुम्ला माविलाई पाठ्यपुस्तकको रकम निकासा भएकोमा IEMISमा प्रविष्ट विद्यार्थी सङ्ख्या भन्दा पाठ्यपुस्तक खरिदको बिल घटी देखिएकोले बढी निकासा गएको रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| सि. नं . | विद्यालयको नाम | कक्षा | इमिसको संख्या | निकासा | भर्पाई | बढी संख्या | निकासा दर | बढी निकासा |
|---|---|---|---|---|---|---|---|---|
| १ | महाबौद्ध मावि | २ | १५ | १५ | १२ | ३ | ५५८ | १६७४ |
| | | ३ | २५ | २५ | २३ | २ | ५८१ | ११६२ |
| | | ४ | १७ | २२ | १५ | ७ | ६०४ | ४२२८ |
| | | ५ | २७ | ३० | १५ | १५ | ६४० | ९६०० |
| | | ६ | ३४ | ३० | २६ | ४ | ७१३ | २८५२ |
| | | ७ | ३६ | ४० | १९ | २१ | ७५३ | १५८१३ |
| | | ८ | ३७ | ३८ | ३४ | ४ | ८८८ | ३५५२ |
| | | ९ | ४३ | ४५ | ४४ | १ | ७७७ | ७७७ |
| | | १० | ३३ | ४१ | ३६ | ५ | ९२० | ४६०० |
| जम्मा | | | | | | | | ४४२५८ |

| असुल गर्नुपर्ने | ४४,२५८ |
|---|---|

## ४४ छात्रबृत्ति

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को बुंदा ४.२ बमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराई सोको आधारमा ईमिस भन्दा बढी नहुने गरी निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष छात्रबृत्ति बापत रु. ५५८२००।– निकासा दिएकोमा विद्यार्थीहरुले छात्रबृत्ति बुझेको भर्पाई पेश भएन । अत: विद्यार्थीहरुले छात्रबृत्तिको रकम बुझेको भर्पाई पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,५८,२०० |
|---|---|

## ४५ विद्यालय सञ्चालन

४५.१ पालिका अन्तर्गत दुई विद्यालयहरु भृकुटी आवि र हिमशिखर आवि सून्य विद्यार्थी रहेको पाईयो ।उक्त दुई विद्यालयमध्ये आवि २०७६ को शैक्षिक वर्षको शुरु देखि नै र हिमशिखर आवि २०८० शैक्षिक वर्षको फागुन देखि सून्य विद्यार्थीहरु रहेको पाइयो ।उक्त विद्यालयहरुमा कार्यरत शिक्षकहरु पालिका अन्तरगत कै अन्य विद्यालयहरुमा काजमा कार्यरत रहेकोमा पालिकाले हालसम्म पनि स्कूल

मर्ज गरी शिक्षक दरवन्दी मिलान गर्न पहल गरेको देखिएन । छन् ।अत: उक्त विद्यालयहरु यथाशिघ्र मर्ज गरी शिक्षक दरबन्दी मिलान गर्नुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५.२ पालिकाले सून्य विद्यार्थी रही सञ्चालनमा नरहेको हिमशिखर प्रा.वि. लाई विद्यालयसञ्चालन र लेखापरीक्षण खर्च बापतको रकम रु. २५००० निकासा दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २५,००० |
|---|---|

४६ **बढी निकासा**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. १.१.३.४ बमोजिम प्राविधिक धार अन्तर्गत कक्षा ९-१० एवं कक्षा ११-१२ मा प्रशिक्षक वा सहायक प्रशिक्षक पदमा कार्यरत शिक्षक कर्मचारीले प्राविधिक भत्ता बापत प्रति महिना रु. ३००० का दरले १० महिनाको सुविधा पाउने व्यवस्था छ ।तर पालिकाले मानसरोवर माद्यामिक विद्यालयमा कार्यरत निम्न शिक्षक कर्मचारीलाई १२ महिनाको प्राविधिक भत्ता निकासा दिएकोले २ जनाको २ महिनाको मासिक रु. ३००० दरले रु. १२००० बढी निकासा दिएको देखिएकोले उक्त रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १२,००० |
|---|---|

४७ **विद्यालय लेखापरीक्षण**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१०र को बुंदा ५.४ मा प्रत्येक विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गराई प्रतिवेदन स्थानिय तहमा पेश गर्ने तथा आर्थिक लेखापरीक्षण स्थानिय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराई सोको प्रतिवेदन स्थानिय तहमा पठाउनु पर्ने व्यवस्था उल्लेख छ ।यस पालिकावाट विभिन्न विद्यालयलाई सामाजिक तथा आर्थिक लेखापरीक्षणबाट रकम निकासा भएकोमा अन्तिम लेखापरीक्षणमा उक्त प्रतिवेदन विद्यालयवाट पालिकामा पठाएको देखिएन ।अत: लेखापरीक्षणलाई अनिवार्य वनाई प्रतिवेदनको आधारमा लेखापरीक्षणबापतको रकम निकासा दिने व्यवस्था गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

# अनुगमन लेखापरीक्षण

४८

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने उल्लेख छ । कार्यालयको २०७९।८० सम्मको बाँकी बेरुजु रु ४,३९,३३,३४९ रहेकोमा उक्त वेरुजू फर्स्यौट गरी सम्परीक्षणका लागि पेश गरेको छैन ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **नाम्खा गाउँपालिका, हुम्ला** को २०८१ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ४३९३३३४९ | ० | १११९४१११ | ० | ५५०४७४६० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नाम्खा गाउँपालिका, हुम्ला , नाम्खा गाउँपालिका , हुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शैलेश किरण राई चाम्लिङ | २०८०-५-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | आश्विनि कुमार देवकोटा | २०७७-४-१ | २०८१-३-३० |
| लेखा प्रमुख | रेजिना ओली | २०८०-५-२८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,०८८,५६१ | २,२७४,३०३ | ६,७७६,०४८ | ० | ० | ९७५,१९९ |
| | | | | **जम्मा बेरुजु रकम** | ११,११४,१११ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | चालु तथा प्रशासनिक खर्च | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| २ | तालिम तथा कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| ३ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| ४ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| ५ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट खरिद | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । सामाजिक सुरक्षा |
| ६ | भूक्तानीमा कर कट्टी | भुक्तानीमा कर कट्टी |
| ७ | मुख्यमन्त्री रोजगार कार्यक्रम | मुख्यमन्त्री रोजगार कार्यक्रम |
| ८ | स्वास्थ्य कार्यक्रम तथा वजेट खर्च | स्वास्थ्य तर्फ |
| ९ | शिक्षा तर्फको वजेट तथा कार्यक्रम | शिक्षा तर्फ |
| १० | प्रधानमन्त्री रोजगार कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम |
| ११ | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| १२ | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| १३ | बैक खाता छोरीको कार्यक्रम | बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यक्रम कार्यविधिको पालना |
| १४ | विविध जोखिम | विविध |
| १५ | आन्तरिक आय | आन्तरिक आयतर्फ |